

## CCHP र सार्डेलिस परिवार

लिसा सार्डेलिस दुई अपाङ्गता भएको सन्तानकी एकल आमा हुन्। उनकी छोरी अमारा बोल्न सक्दिनन् र उनलाई अटिजम, सिजर डिसअर्डर (मिर्गी) र कन्जेनिटल डिसअर्डर (जन्मजात रोग) भएको पुष्टि गरिएको छ। उनका छोरा म्याक्स पनि बोल्न सक्दैनन्, कानूनी रुपमा दृष्टिहीन (लिगली ब्लाइन्ड) छन् र उनलाई विकासात्मक अशक्तता (डेभलपमेन्टल डिसेबिलिटी) र शारीरिक सीमानताहरू छन्।

अमारा र म्याक्स दुबैले धेरै सेवाहरू प्राप्त गर्छन् र दुबै व्हीलचेयर प्रयोग गर्छन्।

सेन्ट्रल कम्युनिटी हेल्थ पार्टनरशिप (CCHP) का केयर कोअर्डिनेटरले सार्डेलिस परिवारसँग भेट्दा लिसाले आफ्नो सन्तानका लागि डाक्टरहरूसँगको भेट, स्कूल र स्वास्थ्य सेवा प्रदायकहरूसँग सम्पर्क गर्न सक्दो प्रयास गरिरहेकी थिइन्। सार्वजनिक स्वास्थ्य विभाग (DPH) सँग काम गर्दा, सेवा र समर्थनको व्यवस्था गर्ने क्रममा लिसा नै प्रायः विशेषज्ञ र सेवा प्रदायकहरूको लागि जानकारीको मुख्य स्रोत थिइन्।

CCHP को केयर कोअर्डिनेटरले तत्कालै परिवारको आवश्यकताहरू मूल्यांकन गरी प्रत्येक बच्चाको लागि व्यक्ति-केन्द्रित हेरचाह योजना (पर्सन-सेन्टर्ड केयर प्लान) तयार गरे। यस योजनामा बच्चाहरूको आवश्यकताहरू, सेवा प्रदायकहरू र लक्ष्यहरू समावेश गरिएको थियो।

साथै, कोअर्डिनेटरले परिवारलाई बच्चाहरूको दैनिक आवश्यकताका लागि चाहिने चिकित्सा उपकरणहरू (मेडिकल इक्विपमेन्ट) पनि उपलब्ध गराए।

अमारा र म्याक्सको आवश्यकताहरू एकै समयमा समन्वय गरेर, CCHP ले लिसा र उनका बच्चाहरूमा महत्वपूर्ण प्रभाव पारेको छ।

*हामी तपाईं, तपाईंको परिवार/हेरचाह गर्नेहरू, र तपाईंका चिकित्सकीय सेवा प्रदायकहरूसँग साझेदारी गरि राम्रो सूस्वास्थ्य र कल्याणको लागि काम गर्दछौँ। हामी विश्वास गर्दछौँ कि सबैले आफ्नो उच्चतम क्षमतामा पुग्न र समुदायमा एक स्वस्थ, सक्रिय सदस्य बन्ने अवसर पाउनु पर्छ। हामी तपाईंलाई यो लक्ष्यमा पुग्न मद्दत गर्न चाहन्छौं।*




centralchp.org

**सामान्य जानकारीको लागि**

**centralchp.org मा जानुहोस्।**
वा **info@centralchp.org** मा इमेल गर्नुहोस्।

**ACO र चिकित्सक कार्यालयहरूका लागि:**
रेफरल गर्न

# सेन्ट्रल कम्युनिटी हेल्थ पार्टनरशिप (CCHP)

व्यावहारिक स्वास्थ्य तथा मानव सेवाहरू





***MassHealth ACO र MCO सदस्यहरूको लागि सेवा समन्वय***

तपाईंलाई समयमै उपचार र सेवा पाउनका लागि अवरोध पार गर्न मद्दत गर्दैं

**centralchp.org**

## हामी को हौँ ?

***सेन्ट्रल कम्युनिटी हेल्थ पार्टनरशिप (CCHP)*** ओपन स्काई कम्युनिटी सर्विसेजको एक कार्यक्रम हो। हामी भेन्चर कम्युनिटी सर्विसेज, एल्डर सेविजेस अफ वर्सेस्टर एरिया, र सेन्टर फर लिभिङ्ग एन्ड वर्किङ्गसंग सहकार्य गर्दछौँ। हाम्रा यी साझेदार संस्थाहरू मासहेल्थको कोषबाट प्राप्त हेरचाह समन्वय सेवाहरू तपाईंलाई उपलब्ध गराउन एकताबद्ध भएका छन्।

हाम्रो टिममा लाइसेन्स प्राप्त क्लिनिकल केयर म्यानेजरहरू, दर्ता भएका नर्सहरू र केयर कोअर्डिनेटरहरू समावेश छन् - जसले डाक्टरहरू र तपाई जस्ता बिरामीहरूलाई मद्दत गर्न मिलेर काम गरिरहका छन्।







*प्रतिक्रियाशील | जवाफदेही | विशेषज्ञ*

***मध्य म्यासाचुसेट्सको स्थानीय सामुदायिक स्रोतहरूको गहन ज्ञान***

## हाम्रो भूमिका

***हाम्रो भूमिका यस्तो छ:***

- तपाईंका आवश्यकताहरू बुझ्नु
- तपाईंलाई आफ्नो स्वास्थ्य लक्ष्य तय गर्नमा मद्दत गर्नु
- तपाईंका आवश्यकताहरू पूरा गर्न उचित सेवासँग जोड्नु

**लक्ष्य तपाईंको सु-स्वास्थ्य, कल्याण र स्वास्थलाभमा सहयोग पुर्याउनु हो। यी सेवाहरू तपाईंलाई नि:शुल्क छन्, किनभने यो तपाईंको MassHealth अन्तर्गत लाभमा समावेश छ।**

***हामीसँग सम्पर्क गर्न निकै सजिलो छ:***

- **हामी तपाईं जहाँ पनि हुनुहुन्छ, त्यहाँ आउन सक्छौं** - तपाईंको घर, अस्पताल, तपाईंको स्थानीय क्षेत्र, आश्रय गृह, रेस्टुरेन्ट वा अन्य कुनै पनि ठाउँमा - तपाईंले चाहनुभएको कुनै पनि ठाउँमा।
- **हामी तपाईंको भाषा बोल्छौं**, वा हामी अनुवाद सेवा उपलब्ध गराउँछौं।
- **हामी तपाईंको लागि महत्त्वपूर्ण कुराहरू बुझ्नेछौं** - तपाईंको सशक्त पक्ष के हो ? तपाईंको लागि सबैभन्दा राम्रो के काम गर्छ ? तपाईंका स्वास्थ्य लक्ष्य र आवश्यकता के-के हुन् ?
- **हामी तपाईंलाई आवश्यक सेवा र सहयोगहरूसँग जोड्नेछौं** र तपाईंको विश्वसनीय स्वास्थ्य सेवा प्रदायकसँग खुला संचार निश्चित गर्नेछौं।
- **हामी तपाईंलाई स्वास्थ्य र पोषणसम्बन्धी** जानकारी र सहयोग प्रदान गर्नेछौं।
- **हामी तपाईंलाई पोषण, आवास, रोजगार र शिक्षा** सम्बन्धी सामुदायिक स्रोत/सहयोगहरूसँग जोड्न सक्छौं।
- **हामी टिमको रूपमा काम गर्छौं** र तपाईंको डाक्टर र अन्य विश्वसनीय स्वास्थ्य सेवा प्रदायकहरूसँग नजिकदेखि सहकार्य गर्छौं।
- **हामी तपाईंको लक्ष्यहरू पूरा नहुँदासम्म तपाईंसँग काम गर्नेछौं।** परिवारमा समस्या, अचानक बिरामी पर्ने, वा रोजगार/सुविधामा परिवर्तन भएमा हामी छिट्टै प्रतिक्रिया जनाउने क्षमता राख्छौं।







## *सेवा प्राप्त गर्न योग्यताबारे*

### व्यवहारिक स्वास्थ्य समुदायिक साझेदार सेवा (BHCP)

- *MassHealth को सदस्य जो ACO वा MCO सँग जोडिएका छन्*
- *उमेर 18 देखि 64 वर्षको बीचमा*
- *तलका मध्ये एक वा धेरै समस्या भएका:*
  - व्यवहारिक स्वास्थ्य (बिहेब्योरल हेल्थ) वा लागूपदार्थ प्रयोग समस्याको उपचार आवश्यक भएको
  - व्यवहारिक स्वास्थ्य (बिहेब्योरल हेल्थ) समस्यासँगै अन्य स्वास्थ्य समस्याहरू भएको
  - ACCS (Adult Community Clinical Services, एडल्ट कम्युनिटी क्लिनिकल सर्विसेज) र/वा डिपार्टमेन्ट अफ मेन्टल हेल्थ (DMH) को संलग्नता भएको

### LTSS Community Partner (LTSS-CP) सेवा प्राप्त गर्ने योग्यताहरू

- *MassHealth को सदस्य जो ACO वा MCO सँग जोडिएका छन्*
- *उमेर 3 देखि 64 वर्षको बीचमा छन्*
- *तलका मध्ये कुनै एक वा धेरै अवस्था भएका:*
  - *मस्तिष्कमा चोट लागेको (Traumatic brain injury) वा सोच-विचारमा समस्या (cognitive impairment)*
  - *शारीरिक अपाङ्गता वा धेरै स्वास्थ्य समस्याहरू*
  - *बौद्धिक वा विकाससम्बन्धी अपाङ्गता (Intellectual or developmental disability), जस्तै अटिजम (Autism)*